# भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०६५ सालको ऐन नं. ४

## आर्थिक वर्ष २०६५/०६६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०६५/०६६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०६५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०६५/०६६ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०६५/०६६ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च र रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. २,०९,४१,६३,०३,०००/- (अक्षरेपी दुई खर्ब नौ अर्ब एकचालीस करोड त्रिसठ्ठी लाख तीन हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। 1237



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६५/०६६ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ८७ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. निःशर्त अनुदान स्थानीय निकायलाई दिने : प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

## नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम
## सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | २५,०० |
| २ | १२ | उपराष्ट्रपति | २०,०० |
| ३ | १३ | संविधानसभा/व्यवस्थापिका-संसद | ४९,६३ |
| ४ | १४ | अदालत | ९,५९,७५ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६,९०,९० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | १०,५१,५७ |
| ७ | १७ | लोक सेवा आयोग | ८,९२,६६ |
| ८ | १८ | निर्वाचन आयोग | ११,५६,६३ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ४,८२,६२ |
| १० | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | १३,०३,०७,३४ |
| ११ | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ९,७७,०४,१६ |
| १२ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३,१६,२५,६८ |
| १३ | ९५ | अर्थ मन्त्रालय विविध | १०,३०,०० |
| | | जम्मा | २६,५९,९५,९४ |

1239



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२
(दफा २ सँग सम्बन्धित)

### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | पूँजीगत खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | जम्मा विनियोजित रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | ३,८१,३९ | ३,१७,०० | ६,९८,३९ |
| २ | १२ | उपराष्ट्रपति | १,३८,५७ | ५०,३१ | १,८८,८८ |
| ३ | १३ | संविधानसभा/ व्यवस्थापिका-संसद | ७१,४६,९१ | ४०,०० | ७१,८६,९१ |
| ४ | १४ | अदालत | ७४,९८,३६ | ३४,२६,५० | १,०९,२४,८६ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८७,२० | ७८,०० | १,६५,२० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | ८१,७५ | १,१९,४५ | २,०१,२० |
| ७ | १७ | लोक सेवा आयोग | १,०७,०० | ४,३३,२५ | ५,४०,२५ |
| ८ | १८ | निर्वाचन आयोग | ११,१३,७५ | १,२१,३३ | १२,३५,०८ |
| ९ | १९ | महान्यायाधिवक्ताको कार्यालय | १५,७८,४२ | ५,३२,०६ | २१,१०,४८ |
| १० | २० | न्याय परिषद् | ७४,३३ | ४,९० | ७९,२३ |
| ११ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ० | ७३,०० | ७३,०० |
| १२ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | १५,२२ | ० | १५,२२ |
| १३ | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ३,३७,९७ | ६,२५ | ३,४४,२२ |
| १४ | ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४,०८,६७ | ३,०९,५९,४८ | ३,३३,६८,१५ |
| १५ | ३५ | अर्थ मन्त्रालय | १,५४,२९,५५ | ५,४३,०२,९८ | ६,९७,३२,५३ |

1240



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ३८ | उद्योग मन्त्रालय | ५९,९८,०८ | ९१,९३,६० | १,५१,९१,६८ |
| १७ | ३९ | कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय | ४,५४,५४ | ८१,७५ | ५,३६,२९ |
| १८ | ४० | कृषि तथा सहकारी मन्त्रालय | ४,७४,५९,७८ | १,०१,३५,२२ | ५,७५,९५,०० |
| १९ | ४५ | गृह मन्त्रालय | ११,७९,३३,१४ | ६७,७१,९७ | १२,४७,०५,११ |
| २० | ४७ | जलस्रोत मन्त्रालय | ६७,३९,५९ | ५,२७,८१,८८ | ५,९५,२१,४७ |
| २१ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | १,२९,७२,७२ | २०,७०,६९,९८ | २२,००,४२,७० |
| २२ | ४९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ११,२२,४७ | ३३,३४,९५ | ४४,५७,४२ |
| २३ | ५० | परराष्ट्र मन्त्रालय | १,३१,३६,५१ | ३,३४,२० | १,३४,७०,७१ |
| २४ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९६,८९,६२ | ३०,६४,३५ | १,२७,५३,९७ |
| २५ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ६७,८४,१९ | १२,७१,३५ | ८०,५५,५४ |
| २६ | ५७ | युवा तथा खेलकूद मन्त्रालय | ३२,३२,३६ | २,७०,०० | ३५,०२,३६ |
| २७ | ५८ | रक्षा मन्त्रालय | ११,५६,६७,२६ | ७०,५८,६५ | १२,२७,२५,९१ |
| २८ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | २,३७,१२,०२ | ३५,०३,३३ | २,७२,१५,३५ |
| २९ | ६० | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४६,४३,३७ | १३,७५,२० | ६०,१८,५७ |
| ३० | ६१ | वातावरण, बिज्ञान तथा प्रविधि मन्त्रालय | ३२,८२,८३ | १,८५,१७,८५ | २,१८,००,६८ |
| ३१ | ६२ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | २,३५,३७,५७ | ६,७९,१४,०० | ९,१४,५१,५७ |
| ३२ | ६३ | संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय | २६,८७,०१ | ३६,४३,६६ | ६३,३०,६७ |
| ३३ | ६५ | शिक्षा मन्त्रालय | ३५,५९,२०,२६ | ३,४९,४३,८१ | ३९,०८,६४,०७ |



1241

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | ६६ | सामान्य प्रशासन मन्त्रालय | २५,०७,३७ | ४,०३,२५ | २९,१०,६२ |
| ३५ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | १,६६,२९,१५ | ३४,५८,८१ | २,००,८७,९६ |
| ३६ | ६९ | स्थानीय विकास मन्त्रालय | ८,६७,८५,८१ | १६,६३,९४,४६ | २५,३१,८०,२७ |
| ३७ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १२,००,६५,६८ | २,९३,९३,९६ | १४,९४,५९,६४ |
| ३८ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | २४,८७,५८ | ५,३७,७७ | ३०,२५,३५ |
| ३९ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३०,७९,१७ | ८,४१,३५ | ३९,२०,५२ |
| ४० | ८७ | अर्थ मन्त्रालय- लगानी सार्वजनिक संस्थान | ० | १३,०५,४१,०० | १३,०५,४१,०० |
| ४१ | ९० | अर्थ मन्त्रालय- सेवानिवृत्त सुविधा तथा कर्मचारी सुविधा | १४,२५,४०,०० | ० | १४,२५,४०,०० |
| ४२ | ९५ | अर्थ मन्त्रालय विविध | १,५५,९५,०० | ५,९८,००,०० | ७,५३,९५,०० |
| | | जम्मा | १,१८,१०,६२,१७ | ९१,३१,००,८६ | २,०९,४१,६३,०३ |

प्रमाणीकरण मिति २०६५।९।२४

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

1242



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।